# भ्रष्टाचार विरुद्धकों संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन सम्बन्धी कार्ययोजना, २०६९

| सि.नं. | क.सं. | | क्रियाकलाप | हाल सम्मको प्रगति तथा उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | ४ | सार्वजनिक पदाधिकारीहरूको स्वविवेकीय प्रशासनिक अधिकारको न्यूनीकरण गर्ने । | • सुशासन ऐन, नियमावली तथा अन्य कानूनमा भएका व्यवस्था पालना गर्ने र सोही अनुरुप मातहतका निकायलाई मासिक बैठकमा छलफल गर्ने गरिएको एवं सुशासन कार्ययोजना बनाई सो को परिपालना गरिएको । | |
| २ | ३ | १ | योग्यता, दक्षता, पारदर्शिता जस्ता वस्तुगत मापदण्डको आधारमा सार्वजनिक संस्थानको पदमा भर्ना, नियुक्ति, पदस्थापना, सरुवा एवं बढुवाको व्यवस्था गर्न आवश्यक एकीकृत कानूनको निर्माण तथा संस्थान सेवा आयोग ऐन तर्जुमा गर्ने । | • सम्बन्धित संस्थानको पदपूर्ति सम्बन्धमा तत्परता माग गरी लोक सेवा आयोगको विधि, प्रकृया र प्रकृति अनुरुप गर्न निर्देशन दिइएको । | |
| ३ | ३ | ७ | प्रभावकारी र स्तरीय कार्यसम्पादन गर्न र भ्रष्टाचारको सम्भाव्य जोखिमसित परिचित गराउन सार्वजनिक जवाफदेहीको पदमा कार्यरत व्यक्तिहरूलाई विशिष्टीकृत तालिमको व्यवस्था गर्ने । | • गोष्ठि, अन्तरक्रिया कार्यक्रम गर्ने गरिएको । | |
| ४ | ४ | १ | संयुक्त राष्ट्रसंघ महासभाबाट १२ डिसेम्बर १९९६ मा पारित प्रस्ताव नं. ५१/५९ विचार गरी सार्वजनिक पदाधिकारीहरूमा सदाचार, इमान्दारी र जिम्मेवारीको भावना विकास गर्न आचारसंहिता विकास र परिमार्जन गरी कार्यान्वयन गर्ने । | • विशिष्टिकृत खालको आचार संहिता तर्जुमाको क्रममा रहेको । | |
| ५ | ४ | ४ | आचारसंहिता वा मापदण्ड उल्लंघन गर्ने सार्वजनिक पदाधिकारी विरुद्ध अनुशासनात्मक कारवाही गर्ने गरी कानूनी व्यवस्था गर्ने । | • उल्लंधन गर्नेलाई अनुशासनात्मक कारवाही गर्ने गरिएको । | |
| ६ | ५ | १ | पारदर्शिता, प्रतिस्पर्धा र निर्णय प्रक्रिया वस्तुगत आधारमा हुने गरी सार्वजनिक खरिद पद्धति स्थापित गर्न सोसम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने । | • विद्यमान सार्वजनिक खरिद ऐन, नियमको व्यवस्था बमोजिम सार्वजनिक खरिद कार्य गर्ने गरिएको र मातहतका निकायहरुलाई समेत सोही अनुसार गर्ने निर्देशन दिइएको । | |
| ७ | ५ | २ | बोलपत्र तयार पार्न र पेश गर्न पर्याप्त समयको लागि बोलपत्र आव्हानसम्बन्धी सूचना र ठेक्कापट्टासम्बन्धी सम्बद्ध र महत्वपूर्ण सूचना र ठेक्कापट्टासँग सम्बन्धित सूचनाको सार्वजनिक प्रवाह गर्ने । | • सार्वजनिक पत्र पत्रिका, सूचना पाटी एवं Website समेतमा सार्वजनिक सूचना प्रवाह गर्ने गरिएको एवं नगर्ने निकायहरुलाई सोही अनुसार गर्ने गराउने व्यवस्था गर्न निर्देशन दिइएको र सोही अनुसार हुने गरेको । | |
| ८ | ५ | ४ | लेखा सम्बन्धी स्रेस्ताहरू, अभिलेखहरू, वित्तीय विवरण तथा सार्वजनिक खर्च र राजस्व सम्बन्धी विवरणहरूको शुद्धता कायम राखी तिनमा मिथ्याकारण (Falsification) हुन नदिने । | • लेखा सम्बन्धी स्रेस्ताहरू, अभिलेखहरू, वित्तीय विवरणहरु दुरुस्त राख्ने गरिएको एवं लेखा सम्बन्धी स्रेस्ताहरू, अभिलेखहरू, वित्तीय विवरणहरु आफै पारदर्शि हुने गरी दुरुस्त राख्नु पर्ने र सो अनुसार मातहतका निकायहरुमा निर्देशन दिने गरिएको । साथै मासिक रुपमा खर्चको फाँटवारी सार्वजनिक गर्न निर्देशन दिइएको । | |
| ९ | ६ | १ | सार्वजनिक प्रशासनको संगठन, क्रियाकलाप र नीति निर्माणसम्बन्धी प्रक्रियाहरूको सूचना सार्वजनिक रूपमा प्रवाह गर्ने । | • सार्वजनिक प्रशासनको संगठन, क्रियाकलाप र नीति निर्माणसम्बन्धी प्रक्रियाहरूको सूचना वेभ साइट, सूचना पाटी र आवश्यकतानुसार विद्युतिय संचार माध्यमबाट समेत प्रकाशन, प्रसारण गर्ने गरिएको एवं वेभ साइट लाई नियमित अद्यावधिक गर्ने र हालका उपलब्धीलाई नियमित प्रकाशन गर्ने गरिएको । | |
| १० | ६ | २ | सबै सार्वजनिक निकायहरूले आफ्नो website निर्माण गरी आफूले | • आफ्नो वेभ साइट अद्यावधिक गर्ने गरिएको एवं वेभ साइटलाई नियमित | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्पादित गरेका र गर्न लागेका क्रियाकलापहरू प्रचलित कानून बमोजिम website मा अद्यावधिक गर्दै जाने । | अद्यावधिक गर्न र सोही अनुसार मातहतका निकायहरुलाई निर्देशन दिईएको । | |
| ११ | ६ | ३ | सार्वजनिक निकायहरूले आफूलाई विनियोजित बजेट एवं त्यसमा भएको खर्च तथा प्रगतिको विवरण सार्वजनिक गर्ने । | • विनियोजित बजेट एवं त्यसमा भएको खर्च तथा प्रगतिको विवरण सार्वजनिक गर्ने गरिएको एवं मतहतका नियकाहरलाई समेत नियमित रुपमा सार्वजनिक गर्नको साथै website मा राख्न समेत निर्देशन दिइएको । खर्चको विवरण सार्वजनिक गरे नगरेको तालुक निकायबाट अनुगमन गर्दा अनुगमनको सूचाकाङ्कको रुपमा राख्न निर्देशन दिइएको । २०७१ श्रावण देखि रु २५००० माथी खर्चको विल भैचर ३ दिन सम्म website मा राखेर मात्र भुक्तानी दिन गरिएको । | |
| १२ | ६ | ४ | सूचना प्राप्तिसम्बन्धी कार्यविधिलाई सुधार गरी समयानुकूल बनाउने। | • सूचना माग गर्ने सेवाग्राहीलाई नियमानुसार सूचना उपलब्ध गराउने गरिएको एवं गर्न परिपत्र गरिएको । | |
| १३ | ६ | ५ | निर्णय गर्न सक्षम पदाधिकारीसम्म सर्वसाधारणको पहुँचलाई सरलीकृत गर्न प्रशासनिक कार्यविधि सरल बनाउने । | • आवश्यक भएमा संगठनको प्रकृति अनुसार सेवा प्रवाहमा सर्वसाधारणको पहुचलाई सरलीकृत गर्न प्रशासनिक कार्यविधि सरल बनाउन प्रयास भै रहेको । | |
| १४ | ६ | ६ | सार्वजनिक प्रशासनमा हुनसक्ने भ्रष्टाचार जोखिम, कारण र परिणाम वारे सूचना सप्रेषण गर्ने । | • यस सम्वन्धमा विभिन्न परिपत्र हुने गरेको र मासिक रुपमा हुने सुशासन इकाइएको वैठकमा समेत छलफल गरी निर्णय गर्ने गरिएको । | |
| १५ | १५ | १ | स्वमूल्याङ्कन सूची (Self Assessment Checklist बनाउने । | • स्वमूल्याङ्कन सूची तयारी क्रममा रहेको । | |